बैठक संख्या : २४१   मिति : २०७९/०३/२१, मंगलबार   समय : बिहान ९:३० बजे

निर्णय

नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल गर्ने कार्यसूची बमोजिम समितिको आजको बैठकमा माननीय गृह मन्त्रीले उक्त विधेयक संसदमा ल्याउनु पर्नाको आवश्यकता र औचित्यताका सम्बन्धमा सरकारको धारणा राख्नुभयो । त्यसैगरी उक्त विधेयकमाथि संशोधन प्रस्ताव पेश गर्नुहुने माननीय सदस्यहरुले संशोधन पेश गर्नु पर्नाको कारण बारे आ-आफ्ना धारणा राख्नुभयो । बैठकमा समितिका माननीय सदस्यहरुले यस विधेयकका सम्बन्धमा जिज्ञासा एवम् धारणा समेत व्यक्त गर्नुभयो । समितिको यस बैठकमा देहाय बमोजिमको निर्णय भएको थियो :-

१. विधेयकको दफा १ लाई स्वीकार गर्ने,

२. विधेयकको दफा २ को सट्टा देहायको दफा २ राख्नेः-

"२. नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ को दफा ४ मा संशोधनः नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा ४ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) अध्यागमन सम्बन्धी कसूर,"